## अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८३/०५/१५ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाको विवरणः

| सि.नं | प्रतिवादी | मुद्दा | आयोगको माग दावी तथा विशेष अदालतको फैसला | विशेष अदालतको फैसलाका आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | प्रतिवादी हरिचन्द्र ढकाल मुद्दा नं. ०८२-CR-००१७<br><br>फैसला मितिः २०८२।१ १।२७ | घुस/रिसवत लिई दिई भ्रष्टाचार गरेको। | प्रतिवादीहरू सशस्त्र प्रहरी वल नेपाल सुरक्षा वेस लुम्विनी, रुपन्देहीमा कार्यरत सशस्त्र प्रहरी निरीक्षक हरिचन्द्र ढकाल र याङ भन्ने यामबहादुर खत्रीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुरमा बिगो रु. १५,०००/- (अक्षरेपी पन्ध्र हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (क) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना सजाय हुन मागदाबी लिई आरोप पत्र दायर भएको देखिन्छ।<br><br>प्रतिवादी याङ भन्ने यामबहादुर खत्रीको हकमा, निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को कसुरमा सोही दफा ३ को उपदफा (१) को देहाय (क) बमोजिम १ (एक) महिना कैद र बरामद | (क) प्रतिवादी याङ भन्ने यामबहादुर खत्रीको साथबाट घुस रिसवत वापत लिएको रकम रु.१५,०००/- (पन्ध्र हजार रुपैयाँ) अख्तियार दुरुपयोग अनुसन्धान आयोग, बुटवलबाट उजुरीकर्तालाई उपलव्ध गराएकै नं. का नोटहरू निजको साथबाट वरामद भई निज याङ भन्ने यामबहादुर खत्रीलाई घटनास्थलबाट प्रहरीले पक्राउ गरेको तथ्य मिसिल संलग्न बरामदी मुचुल्काबाट पुष्टि भएको देखिएको, उजुरीकर्ता र निज प्रतिवादीबीच पटक पटक भएको मोबाइल संवादको विवरण र उजुरीकर्ता तथा बरामदी मुचुल्कामा दस्तखत गर्ने वादी नेपाल सरकारका साक्षीले अदालत समक्ष गरेको बकपत्र समेतबाट निज प्रतिवादीले उजुरकर्ताहरूबाट घुस रिसवत बापतको रकम रु.१५,०००/- (पन्ध्र हजार रुपैयाँ) लिई आरोप बमोजिमको कसुर अपराध गरेको पुष्टि भएको ।<br>(ख) प्रतिवादी हरिचन्द्र | (क) सशस्त्र प्रहरी बेशक्याम्प, मझगाँवा रुपन्देहीमा कार्यरत सशस्त्र प्रहरी जवान याम बहादुर खत्रीले बेशक्याम्प प्रमुख सशस्त्र प्रहरी निरीक्षकले खटाएको भनी पटक-पटक अवरोध गरी भारतबाट ल्याएका घरायसी सामानहरुको मलाई पनि भाग चाहिन्छ भनी दुःख हैरानी दिएको साथै उक्त कार्यको लागि सहजिकरण गरिदिने भनी मोलमोलाई गरी सेवाग्राहीसँग घुस/रिसवत बापत रु.१५,०००/- माग गरी उक्त रकम दिन बाध्य बनाएकोले उक्त रकम मैले आफै व्यवस्था गरी नोट नं. हरुसमेत खुलाई पेश गरेको छु । सो रकम निजले मबाट लिएमा कानून बमोजिम कारवाही गरी पाउँ भन्ने समेत व्यहोराको उजुरीको आधारमा अनुसन्धान प्रारम्भ भएको प्रस्तुत मुद्दामा तत्कालीन बि.ओ.पी. प्रमुख सशस्त्र प्रहरी निरीक्षक हरिचन्द्र ढकालको सहयोगीको रुपमा निज याम बहादुर खत्रीलाई सशस्त्र प्रहरी बल नेपाल सुरक्षा बेश लुम्बिनी रुपन्देहीको पत्र संख्या (०८१/८२) प्रशासन शाखा चलानी नम्बर १०३ मिति २०८१/११/२९ गतेको पत्रद्वारा उक्त बोर्डर आउट पोष्टमा मिति २०८२/०४/२६ गतेको डिउटी लिष्ट अनुसार ऐ. मितिको १०:०० बजे देखी १८:०० बजेसम्म रुपन्देही जिल्ला मायादेवी गाउँपालिका ६ दुर्गौलियमा पिकेट डिउटी र ऐ. मिति रात ००:०० बजेदेखि भोलिपल्ट बिहान ०६:०० बजेसम्म (रातको १२-०६) गाडी मोबाईल डिउटीमा नियमित परिचालित गरिएको तथ्य सशस्त्र प्रहरी बल नेपाल सुरक्षा बेश लुम्बिनी रुपन्देहीको पत्र संख्या (०८१/८२) प्रशासन शाखा चलानी नम्बर १०३ मिति २०८१/११/२९ गतेको पत्रद्वारा खुलेको देखिन्छ । यसरी उक्त डिउटी कमाण्डर प्रतिवादी हरिचन्द्र ढकाल र निजको मातहतमा रहेका प्रतिवादी याम बहादुर खत्रीले उजुरवाला अजयकुमार जयसवालासँग निजले भारतवाट ल्याएको घरायसी सामानहरुलाई सुरक्षा चेकजाँवाट छुटाईदिनको लागी रु.१५,०००।-(अक्षरेपी पन्ध्र हजार) घुस रिसवत रकम माग गरि उक्त रकम दिन बाध्य बनाएको तथ्य उजुरवालाको शुरु निवेदन एवं निजले अदालतमा गरेको बकपत्र समेतवाट स्थापित भएको देखिन्छ भने उजुरवालाले प्रमाणित गराएको रकम प्रतिवादी मध्येका सशस्त्र प्रहरी जवान याम बहादुर खत्रीले लिई सकेको अवस्थामा बरामद भएको देखिन्छ। यसरी उक्त बोर्डर आउटपोष्ट सुरक्षा चेकजाँचमा खटिएका सशस्त्र प्रहरी जवान याम बहादुर खत्रीले अनुसन्धानको क्रममा गरेको बयान र विशेष अदालत समक्ष गरेको बयानको स.ज. १६ मा उक्त घुस\रिसवत रकम सहप्रतिवादी हरिचन्द्र ढकाल सरको लागि भनेर लिएको हो भन्ने समेत व्यहोरा उल्लेख गरि पोल गरेको देखिदा यि प्रतिवादी हरिचन्द ढकाल समेतको सहमतिमा उक्त बरामद भएको घुसरिसवतको रकम सशस्त्र प्रहरी जवान प्रतिवादी याम बहादुर खत्रीबाट बरामद भएको देखिदा वारदातमा समान सहभागीता भएका यि प्रतिवादी हरिचन्द ढकाललाई निजको पदिय जिम्मेवारी, आफ्नो मातहतमा रहेका सुरक्षाकर्मिको उचित नियन्त्रण तथा निगरानी राख्नु पर्ने दायित्व समेतका आधारमा उक्त प्रमाणको विश्लेषण गरि आरोप दावी बमोजिम सजाय गर्नु पर्नेमा सो तथ्य र प्रमाणहरुको समुचित विश्लेषण नगरी निज प्रतिवादी हरिचन्द ढकाललाई सफाई हुने ठहर गरि भएको फैसला त्रुटीपूर्ण देखिदा बदरभागी छ।<br>(ख) तत्कालीन बि.ओ.पी. प्रमुख सशस्त्र प्रहरी निरीक्षक हरिचन्द्र ढकालको कमाण्डमा रहेको डिउटीमा खटिएका सशस्त्र प्रहरी जवान निज प्रतिवादी यामबहादुर खत्री र उजुरकर्ता अजयकुमार जयसवाल बीचमा भएको घुसरिसवत माग गर्दाका समयको अडियो संवादमा उजुरवालासँग निज प्रतिवादी यामबहादुर खत्रीले कुराकानी गर्दा गर्दैको अवस्थामा डिउटी कमाण्डर प्रहरी निरीक्षक प्रतिवादी हरिचन्द्र ढकाललाई फोन दिई उजुरवालासँग कुरा गर्न दिएको तथ्य मिशिल संलग्न अडियो संवादवाट देखिन्छ।उक्त उजुरवालासँगको अडियो संवादमा निज प्रतिवादी हरिश्चन्द्र ढकालले उजुवालालाई “अं मैले चिनेको, अब के छ तपाईले गर्ने अब के हो गर्ने हो भनेको, उजुरवालाको सामान भित्र्याउने कार्य सहजीकरण गर्न डिउटीवाला प्र.ज.लाई भनि |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | भएको बिगो बमोजिम रु. १५,०००।—(पन्ध्र हजार) जरिबाना हुने ठहर गरी फैसला भएको देखिन्छ। अर्का प्रतिवादी हरिचन्द्र ढकालको हकमा, निजले आरोपदाबीबाट सफाई पाउने ठहर गरी फैसला भएको देखिन्छ। | ढकाल उपर सहप्रतिवादी याङ भन्ने यामबहादुर खत्रीले वि.ओ.पि. प्रमुखले रकम लिन पठाएको भनी बयानमा उल्लेख गरे पनि निज यामबहादुर खत्रीले आफूले कसूर गरेको कुरालाई अस्वीकार गरी पोलयुक्त बयान गरेको अवस्था रहे पनि निज प्रतिवादी हरिचन्द्र ढकालले रकम माग गर्न लगाएको भनी मान्न मिल्ने वस्तुनिष्ठ आधार नदेखिएको, उजुरकर्ता र यी प्रतिवादी हरिचन्द्र ढकालका बीचमा मोबाइल संवाद भएको देखिए पनि सो संवादमा रकम लिनेदिने विषय समावेश भएको नदेखिएको, निज प्रतिवादीले अजयकुमार जसयवालबाट रकम लिए पाएको अवस्था नरहेको हुदाँ आरोप दाबी बस्तुनिष्ट तबरबाट पुष्टि हुन सकेको देखिएन। | दिउला भनि सहयोगात्मक कार गरेको, सुरक्षा जाँच छलेर जान र अन्य कुरा डिउटीमा रहेका सशस्त्र प्रहरी जवान निज प्रतिवादी यामबहादुर खत्री सँग कुरा गर्नु भनि सुझाव दिएको देखिन्छ भने निज प्रतिवादी हरिचन्द्र ढकाल कै निर्देशनमा प्रतिवादी यामबहादुर खत्री उजुवालासँग रु १५०००। घुस रिसवत माग गरि बार्गेनिङ्ग गरेको तथ्य मिशिल संलग्न अडियो संवादबाट पुष्टि भएको देखिनुको साथै उक्त घुस/रिसवत बार्गेनिङ्ग र लेनदेन गर्ने क्रममा रेकर्ड गरिएको अडियो/भिडियोमा भएको संवादको लिखित उतार (स्क्रिप्ट राईटिङ्ग) को व्यहोरा ठिक छ भनी प्रतिवादी यामबहादुर खत्री र हरिचन्द्र ढकालले संवाद स्विकार गरि सनाखत समेत गरेको देखिन्छ। साथै घुस/रिसवत बार्गेनिङ्ग गरेको उक्त श्रव्य/दृष्य रेकर्डमा रहेको स्वर प्रतिवादी हरिचन्द्र हो वा होईन भन्ने सम्बन्धमा नेपाल प्रहरी प्रधान कार्यालय, केन्द्रीय अनुसन्धान ब्यूरो, लाजिम्पाट, काठमाडौंमा स्वर परीक्षण (VSA) का लागि पठाइएकोमा प्राप्त प्रतिवेदन अनुसार प्राप्त नमूना संकेत आवाज Match probability is more than ६३.०%.भन्नेसमेत व्यहोराको परिक्षण प्रतिवेदनबाट देखिन्छ ।प्रतिवादी हरिचन्द्र ढकालले संवाद भएको स्वीकार गरे पनि आफूले कुनै रिसवत नलिएको र लिन नभनेको भनी कसूरमा इन्कार भएको देखिएतापनि उजुरकर्ता अजयकुमार जैसवालले आफ्नो उजुरीमा मूलतः सशस्त्र प्रहरी बेशक्याम्प, मझगाँवा रूपन्देहीमा कार्यरत सशस्त्र प्रहरी जवान यामबहादुर खत्रीले आफूलाई बेशक्याम्प प्रमुख सशस्त्र प्रहरी निरीक्षकले खटाएको भनी पटक-पटक अवरोध गरी भारतबाट ल्याएका घरायसी सामानहरूको भाग आफूलाई समेत चाहिन्छ भनी दुःख हैरानी दिईको साथै उक्त कार्यको लागि सहजीकरण गरिदिने भनी मोलमोलाई गरी सेवाग्राहीसँग घुस/रिसवत बापत रू.१५,०००/- माग गरी उक्त रकम दिन बाध्य बनाएको दिएको भनी आयोग समक्ष पेश गरेको उजुरी सनाखत गरी बकपत्र गरेको देखिदा सुचनादाता साक्षीले गरेको बकपत्रलाई प्रमाण ऐन २०३१ को दफा १० र दफा १८ बमोजिम प्रमाणमा ग्रहन गरि निज प्रतिवादि हरिश्चन्द्र ढकाल समेतलाई आरोप दावी बमोजिम सजाय गर्नु पर्ने प्रतिवादी याम बहादुर खत्रीलाई मात्र सजाय गरि समानस्तरको अर्का प्रतिवादी हरिश्चन्द्र ढकाललाई सफाइ हुने ठहर गरि भएको फैसला मुलकी अपराध संहिता २०७४ को दफा ३१ मा उल्लेखित 'दुई वा दुई भन्दा बढी व्यक्तिको समूहबाट कुनै कसूर भएकोमा सो समूहमा सबै सदस्यलाई त्यस्तो कसूरको सजाय हुनेछ" भन्ने फौजदारी न्यायको सिद्धान्त विपरित देखिदा बदर भागी छ। साथै निज प्रतिवादी हरिश्चन्द्र ढकालले कसूरमा न्कार रही बयान गरेतापनि निजको इन्कारी बयानका सन्दर्भमा सम्मानित सर्वोच्च अदालतले झल्ला भन्ने ओशाद खाँ वि. नेपाल सरकार[1] भएको मुद्दामा "**कुनै अभियोग लागेको अभियुक्तले कसुर सम्बन्धी कुरामा साबिती भएको वा इन्कारी गरेको निजको कथनले मात्र निजको पक्ष वा विपक्षमा स्वतः प्रमाणको स्थान ग्रहण गर्न सक्दैन बरु सो साबिती वा इन्कारी बयानलाई कुनै आधारभूत, तथ्यपरक, वस्तुनिष्ठ एवम् निश्चयात्मक प्रमाणबाट समर्थित गराउनुपर्ने**" भन्ने सिद्धान्त समेत प्रतिपादन भएको परिवेशमा निज प्रतिवादी हरिचन्द्र ढकाललाई निजको संलग्नताको आधारमा सजाय गर्नु पर्नेमा सफाई हुने गरी भएको फैसला सर्वोच्च अदालतबाट प्रतिपादित उक्त सिद्धान्तको बिपरित भई त्रुटीपूर्ण रहेकोले बदरभागी छ।<br>(ग) भ्रष्टाचारजन्य कसूरमा, विशेषतः घुस/रिसवतको कसूरमा विश्वव्यापी रूपमा स्वीकारिएको मान्यता '**Quid Pro Quo**' अर्थात "**यसको बदलामा त्यो**" प्रत्यक्ष प्रमाणित नभएपनि लेनदेनको स्वभाव, उजुरवालाको कामसँग निज प्रतिवादीको सम्वद्धता, कसूर ठहर भएका प्रतिवादीसँग सम्बन्धको संरचना, निर्णय अधिकारको हैसियत, वित्तीय प्रवाहको स्थितिबाट राष्ट्रसेवक र सो सँग सम्बद्ध व्यक्तिले अनुचित रुपमा आर्थिक लाभ प्राप्त गरेको कुनै पनि परिस्थितिजन्य अवस्थाबाट देखिएमा भ्रष्टाचारजन्य कसूर पुष्टि हुन पर्याप्त आधार रहने देखिदाँ प्रस्तुत मुद्दामा संकलित प्रमाणबाट यि प्रतिवादी हरिचन्द्र ढकालले उक्त घुसरिसवत लिन आफ्नो मातहत कै सशस्त्र प्रहरी जवान निज प्रतिवादी यामबहादुर खत्रीको फोनबाट उजुरवाला सँग कुरा गरि घुस रकमको |

[1]ने.का.प २०७७, अंक ७, नि.नं. १०५४१

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | चाँजो पाँचो मिलाउने कुरा गरेको तथ्य पुष्टी भैरहेको अवस्थामा सो तथ्यको सुक्ष्म विश्लेषण नगरि विशेष अदालतबाट निज प्रतिवादी हरिचन्द्र ढकाललाई सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण देखिदा उक्त फैसला बदर गरि निज प्रतिवादी हरिचन्द्र ढकाललाई आरोप मागदाबी बमोजिम सजाय हुन सम्मानित अदालत समक्ष अनुरोध छ। |